# चिचिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चिचिला , संखुवासभा

च नं.-२११

१ नं. प्रदेश , नेपाल

## कर्मचारी करार सेवामा भर्ना गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

सूचना प्रकाशित मिति २०७४।९।१९

यस चिचिला गाउँ कार्यपालिकामा रहेको रिक्त रहेको तपशिल बमोजीमको पदमा २०७५ साल आषाढ मसान्त सम्म करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट लोकसेवा आयोगद्वारा स्वीकृत दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस चिचिला गाउँ कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त फाराम पेश गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| क्र सं | पद | माग संख्या | संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | ५ (पाँच) | चिचिला गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, संखुवासभा | |

आवश्यक न्युनतम योग्यता :

- नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालयबाट कक्षा १० उत्तिर्ण गरेको ।
- कम्प्युटर तथा प्रिन्टर संचालन सम्बन्धी ज्ञान भएको

(१) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
- तीन प्रति पासपोर्ट साईजको हालसालै खिचेको फोटो ।

(२) दरखास्त दस्तुर रु ५००।- मात्र ।

(३) परिक्षाको किसिम:- प्रयोगात्मक लिखित र अन्तवार्ता ।

(४) परिक्षाको मिति पछी प्रकाशन गरिनेछ ।

(५) रित नपुगेको र म्याद समाप्त भई प्राप्त भएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

(६) तलब सुविधा : गाउँपालिकाको निर्णय अनुसार ।

(७) स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिइनेछ ।

(८) सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) थप जानकारीको लागि www.chichilamun.gov.np तथा कार्यालयको सम्पर्क नं ०२१–६२०७७० मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज सापकोटा
प्रमुख प्रशासकीय अधिकृत